सूचनाको हक सम्बन्धी एन २०६४ को दफा ५ (३) बमोवजिम प्रस्तुत गरिएको कारागार ब्यवस्थापन विभागसग सम्बन्धित २०७८ , असोज मसान्तसम्मको (प्रथम त्रैमासिक) विवरण

१. पृष्ठभूमि :

नेपालमा कारागार (जेल) को इतिहास वि.सं. १९७१ बाट सुरु भएको हो । नेपालको पहिलो कारागार हालको कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं हो । यसलाई सुरुमा सदरजेल भनिन्थ्यो । पहिले जेल मुख्तियारको मातहतमा रहन्थ्यो र त्यसको प्रमुख "रोलवाला जर्नेल" रहने व्यवस्था थियो ।

२००७ साल पश्चात कारागार प्रशासन गृह मन्त्रालय अन्तर्गत रहने व्यवस्था भयो । काठमाडौं उपत्यकाका कारागारहरुको उपत्यकाञ्चल कमिशनर र जिल्लास्थित कारागारहरुको प्रशासन बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन भएको पाइन्छ ।

नेपालको अञ्चल तथा जिल्लाको विभाजन (१४ अञ्चल र ७५ जिल्ला) पश्चात यो स्थानीय प्रशासनको नियन्त्रण र निर्देशनमा हुन थाल्यो । २०१९ सालमा कारागार सम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भयो । कारागार ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी कारागार प्रशासनलाई व्यवस्थित र नियमित गर्न कारागार नियमावली २०२० को तर्जुमा भइ लागू भयो । गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भईआएको कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यहरू प्रभावकारी एवं सवल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो । तत्पश्चात कारागार व्यवस्थापन र प्रशासन सम्बन्धी काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुँदै आएको छ । स्थानीय तहमा कारागार कार्यालयमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने व्यवस्था छ ।

नेपालमा हाल धनुषा, बारा, भक्तपुर, पूर्वी रुकुम र पूर्वी नवलपरासी गरी पाँच जिल्ला बाहेकका ७२ जिल्लामा ७४ वटा कारागारहरुको रहेका छन् । एकै जिल्लामा दुईवटा कारागार भएका जिल्लाहरु दाङ र काठमाडौ हुन् । दाङ जिल्लामा घोराही र तुल्सीपुर तथा काठमाडौं जिल्लामा जगन्नाथदेवल र डिल्लीबजारमा कारागारहरु रहेका छन् । नेपालमा हाल मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, बाँके र डोटी गरी ८ वटा जिल्लामा बालसुधार गृहहरु संचालनमा रहेका छन् ।

२. कारागार व्यवस्थापन विभागका कार्यहरू :

कारागार व्यवस्थापन सम्बन्धी काम गर्ने केन्द्रीय निकायको रुपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो । गृह मन्त्रालय अन्तर्गत रहेको कारागार व्यवस्थापन विभागले गर्ने कार्यहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

१. विभाग र मातहतका कारागार कार्यालयहरूको निम्ति आवश्यक पर्ने वार्षिक बजेट प्रस्ताव तयार गर्ने विनियोजन गरेको बजेट रकम अनुसार खर्चको निकासा दिने, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गराउने ।

२. कारागार व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थाहरूको अधीनमा रही कारागार कार्यालयहरूको निरीक्षण र सुपरीवेक्षण गर्ने ।

३. कारागार कार्यालयहरुबाट प्राप्त मासिक प्रतिवेदन (अनुसूची ४) को आधारमा बन्दीहरुको अभिलेख अध्यावधि गरी राख्ने ।

४. विभाग र विभाग अन्तर्गतका कारागार कार्यालयहरूमा कार्यरत राजपत्र अनंकित तहका कर्मचारीहरुलाई आवश्यकता अनुसार विभाग वा कारागार कार्यालयहरुमा सरुवा गर्ने ।

५. विभाग र कारागार कार्यालयहरूको निजामती कर्मचारीको दरबन्दी र ती दरबन्दीमा कार्यरत कर्मचारीहरूको अभिलेख अध्यावधि गरी राख्ने ।

६. कारागारमा कैद भुक्तान गरिरहेका नकरात्मक सूचीमा नपरेका असल चालचलन भएका कैदिहरुलाई विभिन्न अवसरमा कैदकट्टा/माफि मिनाहा लागि सिफारिस सहित गृह मन्त्रालयमा पठाउने ।

७. कारागारमा आश्रित बालबालिकाहरु, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिकाहरु र कैद मुक्त बन्दीहरुको संरक्षण र हेरचाहको एवं पुनर्स्थापनाको कार्यमा संलग्न संस्थाहरूको अवलोकन भ्रमण गर्ने तथा ती संस्थाहरूमा रहेका आश्रित बालबालिका, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका र कैद मुक्त बन्दीहरुको संख्या नियमितरूपले विभागमा पठाउन ती संस्थाहरूलाई निर्देशन दिने ।

८. ठेकिएको कैद भुक्तान भएको बन्दीहरुलाई छुटकारा दिनको निम्ति कारागार कार्यालयहरुलाई निर्देशन वा स्वीकृती दिने ।

९. कारागारको भौतिक अवस्थाको सुदृढीकरण गर्न र बन्दीहरुको ब्यक्तित्व बिकास, सीप विकास, पुनर्स्थापना एवं कारागार व्यवस्थापनको आधुनिकीकरणको निम्ति परियोजना, योजना तथा कार्यक्रमहरु गरी स्वीकृती एवं बजेट निकासाको निम्ति मन्त्रालयमा पठाउने र स्वीकृत परियोजना, योजना तथा तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने र गराउने तथा नेपाल सरकारको नीति निर्देशनको उपलब्ध साधन र स्रोतको परिचालन गरेर सो सम्बन्धी कार्य गर्न/गराउनको निम्ति कारागार कार्यालयहरुलाई निर्देशन दिने ।

१०. बन्दीको आश्रित बालबालिका तथा विज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका (बाल अपराधी) को बन्दीहरुको सुधार, संरक्षण र पुनर्स्थापनाको कार्यमा संलग्न सुधार गृह र संस्थाहरुसँग समन्वय गरी आवश्यकता अनुसार ती संस्था र सुधार गृहहरूसँग सम्झौता गरी त्यस्ता बालबालिका, बाल अपराधी र कैद मुक्त बन्दीहरुको हितको निम्ति कार्यक्रम संचालन गर्ने गराउने ।

११. कारागार ब्यवस्थपनका सन्दर्भमा परेका उजुरी उपर आवश्यक छानविन गरी आवश्यकता अनुसार कारबाही गर्ने वा सोको निम्ति सम्बन्धित निकायमा लेखी पठाउने ।

१२. कारागार एन नियम अनुसार तोकिएका अन्य कामहरु गर्ने ।

३. कारागार व्यवस्थापन विभागको संगठनात्मक संरचना र दरबन्दी विवरण



४. कारागार ब्यवस्थापन विभाग अन्तरगतका कारागारहरुको दरबन्दी विवरण:

क्र.सं.	रा.प. द्वितीय	रा.प. तृतीय			रा.प.अनं. प्रथम				रा.प.अनं. द्वितीय				श्रेणी विहिन	
१	उपसचिव	शा.अ.	ले.अ.	प्रा. (मे.अ.)	ना.सु.	ले.पा.	प्रा. (सि.अ.हे.व.)	क.अ.	खरीदार	स.ले.पा.	अ.न.मी.	स.क.अ.	का.स.	ह.स.चा.
२	७	५८	०	३	८२	१६	७४	९	७१	५७	४	६१	३४२	३३
अन्य														
१	केन्द्रीय कारागार अस्पताल	मे.सु. -१, रेडियोलोजिष्ट -१, साईकाट्रिक विशेषज्ञ -१, डर्मालोजिष्ट -१, जनरल फिजिसियन - २, जनरल सर्जन -२, ल्याव टेक्नोलोजिष्ट -१, नर्सिङ अधिकृत -१, हे.अ. ३, रेडियोग्राफर -२, ल्याब टेक्निसियन - १, स्टाफ नर्स -१२, मेडिकल रेकर्डर -१, फार्मेसी सहायक -२, वा.मे. ओभरसियर- १, नेत्र सहायक -१, डेण्टल सहायक - १,													
२	मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल	कन्सल्टेन्ट साइक्याट्रिक- १, जनरल फिजिसियन - १, स्टाफ नर्स - ६, हे.अ. -२, अ.हे.व. -२,												

५. कैदीवन्दीको विवरण

असोज मसान्त सम्मको कारागारमा रहेका कैदी वन्दीहरुको संख्यात्मक विवरण

क)	पुरुष कैदी बन्दीको संख्या	२३३७०
ख)	महिला कैदी बन्दीको संख्या	१३०९
ग)	विदेशी कैदी वन्दीको संख्या	१३१५
घ)	आश्रीत नावालक संख्या	८७

असोज मसान्त सम्मको बालसुधार गृहमा रहेका बालबालिकाहरुको संख्यात्मक विवरण

क)	बालसुधार गृहमा रहेका बालक संख्या	८१७
ख)	बालसुधार गृहमा रहेका बालिका संख्या	२४
	जम्मा	८४१

माफि मिनाहा

- २०७८ साल असोज महिना भरीमा ३२ जना कैदी कामदारी सुविधा समेत जोडेर शतप्रतिशत कैद भुक्तानी भै छुटकारा दिइएको ।

६. कारागार व्यवस्थापन विभागबाट प्रदान गरिने सेवाहरु

नागरिक बडापत्र

सेवा सुविधाको विवरण	आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु	शुल्क/दस्तुर	लाग्ने समय	जिम्मेवार पदाधिकारी शाखा/फाँट	गुनासो सुन्ने अधिकारी	कैफियत
१. न्यायिक तथा अर्धन्यायिक निकायहरुको आदेशले कारागारहरुमा आउने थुनुवा, कैदी बन्दीहरुको अभिलेख राख्ने ।	थुनामा पठाउने निकायको स्पस्ट आदेश हुनुपर्ने ।	निःशुल्क	तुरुन्त	जेलर (सम्वन्धित कारागार)	प्र.जि.अ.	
२. i) बन्दीहरुको सिदा व्यवस्था । ● चामल ७०० ग्राम र ६० रुपैयाँ । ii) नाबालकलाई - ● ७ महिनादेखि १ वर्षका लागि १०० ग्राम र ३५ रुपैयाँ । ● १-३ वर्षका लागि १५० ग्रा. र ३५ रुपैयाँ । ● ३-५ वर्षका लागि २०० ग्रा. र ३५ रुपैयाँ । ● ५-७ वर्षका लागि २५० ग्रा. र ३५ रुपैयाँ ● ७-१२ वर्षका लागि ४५० ग्रा र ३५ रुपैयाँ । ● १२ वर्ष माथिका लागि ६०० ग्रा. चामल र ३५ रुपैयाँ । iii) दशैँ खर्च प्रतिवर्ष रु ३०० । iv) सुत्केरी खर्च रु १००० ।	बन्दीको अभिलेख	निःशुल्क	दैनिक	जेलर (सम्वन्धित कारागार)	प्र.जि.अ.	
३. बन्दीहरुका लागि लत्ता कपडा उपलब्ध गराउने । ● वैशाख र कार्तिकमा गरी वर्षको २ पटक लगाउने कपडा । ● २ वर्षमा १ पटक ओढ्ने ओछ्याउने कपडा पाउने ।	बन्दीको अभिलेख	निःशुल्क	तोकिएको निर्दिष्ट समयमा वितरण हुने ।	जेलर (सम्वन्धित कारागार)	प्र.जि.अ.	
४. बन्दीहरुलाई स्वास्थ्योपचार, मनोरञ्जन, शिक्षा, सदाचार, सिपविकास समेतका अवसर दिलाउने ।	बन्दीको अभिलेख	निःशुल्क	स्वास्थ्योपचार तुरुन्तै र अन्य आवश्यकता अनुसार	जेलर (सम्वन्धित कारागार)	प्र.जि.अ.	
५. बन्दीगृह लगायत भौतिक संरचनाको निर्माण, मर्मत संभारको प्रवन्ध ।	बन्दीगृह र भौतिक अवस्थाको स्पस्ट स्थितिका आधारमा	आवश्यकताअनुसार	नियमित रुपमा	सम्वन्धित कारागार प्रशासन	प्र.जि.अ.	
६. (क) बन्दीहरुको शतप्रतिशत कैद मुक्त भएको आदेश दिने । (ख) राष्ट्रिय पर्व तथा अन्य महत्वपूर्ण उत्सवहरुको उपलक्ष्यमा हुने कैद माफी मिनाहा तथा छुट ।	जेलरबाट प्रमाणित भै आएको छुट पाउने सिफारिस ।	निःशुल्क	७ दिन अगावै कारागार कार्यालयले	जेलर, प्र.जि.अ.	गृह मन्त्रालय	

सेवा सुविधाको विवरण	आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु	शुल्क/दस्तुर	लाग्ने समय	जिम्मेवार पदाधिकारी शाखा/फाँट	गुनासो सुन्ने अधिकारी	कैफियत
	बन्दीहरुको अभिलेखको आधारमा असल चालचलन सहितको सम्वन्धित जेलर र प्र.जि.अ. को सिफारिस	निःशुल्क	विभागमा पठाउनुपर्ने । ३ हप्ता अगावै मन्त्रालयमा पेश गर्नुपर्ने ।	कारागार व्यवस्थापन विभाग	गृह मन्त्रालय	
७. बन्दीहरुको सामूहिक माग, निवेदन आदि सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने ।	कारण सहित जेलर र प्र.जि.अ.को सिफारिस	निःशुल्क	आवश्यकता अनुसार	निर्देशक	महानिर्देशक	
८. बाल बिज्याईका एवं बन्दीका साथमा रहेका आश्रित हरुलाई क्रमशः बालसुधार गृहमा राख्न संस्थाहरुसँग सम्पर्क र समन्वय गरी आवश्यक व्यवस्था गर्ने ।	जेलर र प्र.जि.अ. को सिफारिस	निःशुल्क	आवश्यकताअनुसार नियमित रुपमा हुने	जेलर	जिल्लामा प्र.जि.अ. र विभागमा महानिर्देशक	
९. बन्दीका आफन्त, मित्रहरु, कानून व्यवसायीहरु तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिसमेतलाई बन्दीहरुसँग भेटघाटको व्यवस्था मिलाउने ।	कारागार नियमावली एवं नेपाल सरकारले तर्जुमा गरेको नीति निर्देशन अनुरुपको प्रक्रिया पुऱ्याउनुपर्ने ।	निःशुल्क	सम्बन्धित कारागार शाखाले तोकेको निश्चित समय, आवश्यकता अनुसार हुने	जेलर	प्र.जि.अ.	
१०. कारागारमा रहेका बन्दिहरुको स्थानान्तरण ।	सम्वन्धित व्यक्तिको निवेदन/कारण सहितको जेलर र प्र.जि.अ.को सिफारिस	निःशुल्क	आवश्यकता अनुसार ।	जेलर/प्र.जि.अ.	महानिर्देशक	

७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

दस्तुर कुनै नलाग्ने र अवधि प्रक्रिया पूरा भए तुरुन्त ।

८. निर्णय गर्ने प्रकृया र अधिकारी



द्रष्टव्य :

चक्र १ : **क** → **ख** → **क** →

चक्र २ : **क** → **ख** → **ग** → **क** →

९. निर्णय

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी श्रीमान् सचिवज्यू गृह मन्त्रालय, न्यायिक निर्णय उपर पुनरावेदन अदालत ।

१०. सम्पादन गरेको कामको विवरण

- बाँके जिल्लाको गनापुरमा खुला कारागार निर्माणको क्रममा रहेको ।
- बाँके जिल्लाको नौबस्तामा करिव ९ विगाहा क्षेत्रफलमा ३००० क्षमताको क्षेत्रीय कारागार निर्माण प्रकृया अन्तिम चरणमा पुगेको ।
- नुवाकोट जिल्लामा करिव ५३९ रोपनी क्षेत्रफलमा ७००० क्षमताको केन्द्रीय कारागारप्रथम चरणको निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- ७४ वटा कारागारहरुमा प्राय सबै कारागारहरुमा CCTV, E-attendance, Metal Detector जस्ता उपकरणहरु जडान भईसकेको ।
- कैदीबन्दीहरुको अभिलेखवद्ध गर्न सबै कारागारहरुमा Prison Management Information System (PMIS) पुर्ण रुपमा लागू गरिएको ।
- शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा सर्लाही, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, नवलपरासी पश्चीम, पाल्पा, मनाङ, मुगु, डोल्पा, हुम्ला, जुम्ला, सुर्खेत, जाजरकोट, दैलेख, डडेलधुरा, बझाङ कारागारहरुमा विभिन्न चरणमा निर्माण कार्य सम्पन् भएको र केहीमा निर्माण कार्य भैरहेको ।
- धनकुटा जिल्लामा १९ रोपनी जग्गामा गम्भीर प्रकृतिका अपराधका कैदीबन्दीहरुलाई राख्न, साधारण प्रकृतिका लागि २५० र गोलघर सहितको विशेष प्रकृतिको ५० समेत गरी ३०० जना कैदीबन्दी राख्न सक्ने क्षमता भएको कारागार भवन निर्माणको लागि डि.पि.आर. तयार गर्न छलफल चलिरहेको ।
- कारागारको आन्तरिक प्रशासन संचालनको लागि प्रत्येक आ.व. मा आन्तरिक प्रशासनमा कार्यरत चौकीदार, नाइके, सहनाइके लगायतलाई परिवर्तन गर्ने गरिएको ।
- कारागार ऐन २०१९ र कारागार नियमावली २०२० अनुसार अहिलेको परिस्थितिमा कारागारलाई व्यवस्थित गर्न कठिनाई भएको हुँदा ऐन र नियमावलीलाई संशोधनका लागि मस्यौदा तयार गरी गृह मन्त्रालयमा पेश भैसकेको ।
- अदालत र कारागारमा कैद भुक्तान गरिरहेका कैदीबन्दीलाई अदालतमा उपस्थिति गराउन खर्चिलो र झन्झटिलो हुने हुँदा ९ वटा कारागारमा Video Conference बाट कैदीबन्दी उपस्थिति गराउन थालिएको र बाँकीका कारागारहरुमा समेत सो प्रविधि जडानको लागि प्रयास गरिरहेको ।
- झापा, मोरङ, सुनसरी, डिल्लीबजार नख्खु बाके कास्की गोरखा धादिग तनहु लमजुग इलाम धनकुटा सखुवासभा भोजपुर उदयपुर सिन्धुली कारागारको अनुगमन तथा निरीक्षण गर्ने कार्यक्रम सम्पन्न भएको ।
- मिति २०७८ साउन २६ गते देखि ३ दिन र मिति २०७८ साउन असोज १८ र १९ गते गरी दुइ पटक सवै कारागार कार्यालयका प्रमुखहरुसँग भर्चुअल वैठक गरी कारागार व्यवस्थापनलाइ थप प्रभावकारी वनाउने सम्वन्धमा छलफल तथा सुझाव संकलन गरिएको
- नुवाकोटमा निर्माणाधीन केन्द्रीय कारागारको सरोकारवाला निकायहरुको उपस्थितिमा संयुक्त निरीक्षण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।

- देशभरका कारागारहरुमा सविधान दिवस २०७८ को अवसरमा सम्माननीय राष्टपतिज्यूवाट कैदछुट/माफी मिनाहा गरि ५२३ जना कैदीबन्दी कारागारवाट छाडिएको ।
- ५ वटा रिटको जवाफ पठाइएको ।

११. विभाग प्रमुख र सूचना अधिकारीको नाम र पद

विभाग प्रमुख - श्री जनकराज दाहाल, महानिर्देशक (९८५११४०००७)

सूचना अधिकारी - श्री नारायण न्यौपाने, शाखा अधिकृत (९८५१२०८१२९)

१२. ऐन नियम विनियम वा निर्देशिकाको सूची

कारागार व्यवस्थापनका नीतिगत आधारहरु

१. नेपालको संविधान
२. कारागार ऐन, २०१९
३. कारागार नियमावली, २०२०
४. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
५. फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६
६. ज्येष्ठ नागरिक ऐन, २०६३
७. बालबालिका सम्बन्धी ऐन, २०७५
८. निजामती सेवा ऐन, २०४९
९. निजामती सेवा नियमावली, २०५०
१०. मुलुकी अपराध संहिता, २०७४
११. स्थानीय प्रशासन ऐन, २०२८
१२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
१३. प्रशासकीय कार्य फछ्र्यौट नियमहरू, २०२६
१४. कारागार व्यवस्थापन निर्देशिका, २०७३
१५. मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि, २०७७
१६. सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएको आदेश र फैसलाहरु
१७. नेपाल सरकारको सम्बन्धित विषयका नीति निर्देशन र निर्णयहरु
१८. नेपाल सरकारले कारागार व्यवस्थापनसँग सम्बन्धित विषयमा गरेको सन्धि, सम्झौता र सहमतिहरू
१९. बन्दीहरुको बडापत्र, २०६०
२०. कारागार व्यवस्थापन विभाग, विभाग र मातहतका निकायहरुबाट विद्यमान ऐन कानून र कार्यक्षेत्रको परिधिभित्र नीतिगत निर्णयहरु लगायत अन्य ऐन, नियम, निर्णय, परिपत्र आदि ।

१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

२०७८ असोज मसान्तसम्मको वित्तिय प्रगति विवरण

असोज मसान्त सम्मको वित्तीय स्थिति (हजारमा)

सि.नं.	कार्यालयको नाम	कुल बजेट			भदौ मसान्तसम्मको खर्च	
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत
१.	कारागार व्यवस्थापन विभाग	५,१४,००	२८,८०,००	३३९४००	४२९.९६९९	४९.०४२०
२.	कारागार कार्यालयहरु	१,७९,६१००	११,९३,००	१९१५४००		
	जम्मा	१८४७५००	४०७३००	२२५४८००		

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण
कोभिड १९ को कारण कुनै कार्यक्म हुन सकेको।

१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण
www.dopm.gov.np

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण अनुदान एवं प्राविधिक सहयोग सम्झौता सम्बन्धी विवरण
छैन

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन
छैन

१८. सार्वजनिक निकायमा निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संकलन गर्न तोकिएको समयावधि
छैन

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण
छैन ।

२०. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण
छैन ।

सुचना अधिकारीको नाम: नारायण न्यौपाने
पद: शाखा अधिकृत

प्रमुखको नाम: जनकराज दाहाल
पद: महानिर्देशक